# आकाशवाणी समाचार- नेपाली

मितिः २८ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो, सशस्त्र सेनाहरूमा भारतको राष्ट्रिय हितहरू सुरक्षित गर्ने जिम्मेवारी मात्र होइन तर साइबर युद्ध र आतंकवाद जस्ता नयाँ सुरक्षा चुनौतीहरूको लागि पनि तयार हुनुपर्छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि तीन दिने भ्रमणका लागि ओडिशा जाँदै हुनुहुन्छ। उहाँले आज भुवनेश्वरमा पुलिस महानिदेशक र पुलिस महानिरीक्षकहरूको अखिल भारतीय सम्मेलनमा भाग लिनु हुनेछ।

३. कपडामन्त्री गिरिराज सिंहले सन् २०३० सम्ममा देशको कपडा उद्योगको कारोबार ३५० अरब डलर पुरायाउने सरकारको लक्ष्य रहेको बताउनु भएको छ।

४. महाराष्ट्रका कार्यवाहक मुख्यमन्त्री र शिवसेना नेता एकनाथ शिन्दे साथै महाराष्ट्रका नेताहरुले हिजो नयाँ दिल्लीमा केन्द्रीय गृहमन्त्री अमित शाहलाई भेटेर राज्यमा सरकार गठनबारे छलफल गरेका छन्।

५. विदेशमन्त्री एस जयशंकरले सन् १९८३ को विश्वकप क्रिकेटको जित भारतीय क्रिकेटको इतिहासमा टर्निङ प्वाइन्ट भएको बताउनु भएको छ।

**राष्ट्रपति - तमिलनाडु**

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नु भयो, सशस्त्र सेनाहरू भारतको राष्ट्रिय हितहरू सुरक्षित गर्ने जिम्मेवारी मात्र होइन तर साइबर युद्ध र आतंकवाद जस्ता नयाँ सुरक्षा चुनौतीहरूको लागि पनि तयार हुनुपर्छ। तमिलनाडुको वेलिंग्टनस्थित डिफेन्स सर्भिसेज स्टाफ कलेजका विद्यार्थी अधिकारी र संकायलाई सम्बोधन गर्दै उहाँले तीव्र गतिमा परिवर्तन भइरहेको भूराजनीतिक परिवेशमा कुनै पनि परिस्थितिसँग जुध्न राम्रोसँग तयार हुनुपर्ने बताउनु भयो। उहाँले राष्ट्रिय हितलाई मात्र नभई साइबर युद्ध र आतंकवाद जस्ता नयाँ राष्ट्रिय सुरक्षा चुनौतीका लागि पनि तयार रहनुपर्ने बताउनु भयो। राष्ट्रपति बुधवारदेखि तमिलनाडुको चार दिने भ्रमणमा हुनु हुन्छ। राष्ट्रपति द्रौपदी मुर्मुले आज राजभवन - उधगमण्डलममा आदिवासी महिला स्व-सहायता समूहका सदस्यहरू र नीलगिरी जिल्लाका आदिवासी समुदायका प्रमुख व्यक्तिहरूसँग भेट गर्नु हुनेछ। राष्ट्रपतिले शनिबार तिरुवरुरमा तमिलनाडुको केन्द्रीय विश्वविद्यालयको दीक्षान्त समारोहमा सहभागी हुनुहुनेछ।

****** ० ******

**प्रधानमन्त्री- ओडिशा भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि तीन दिने भ्रमणका लागि ओडिशा जाँदै हुनु हुन्छ। श्री मोदी आज भुवनेश्वरमा पुलिस महानिदेशक र पुलिस महानिरीक्षकहरूको अखिल भारतीय सम्मेलनमा भाग लिनु हुनेछ। ओडिशाले पहिलो पटक यो कार्यक्रम आयोजना गर्दैछ। यसमा सबै राज्य र केन्द्र शासित प्रदेशका पुलिस महानिर्देशकहरू साथै CRPF, RAW, NSG, Intelligence Bureau र SPG का प्रमुखहरू सामेल हुनेछन्। यस सम्मेलनमा प्रधानमन्त्री मोदी लगायत केन्द्रीय गृहमन्त्री अमित शाह र राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल

पनि सहभागी हुने कार्यक्रम छ। पुलिस महानिर्देशकहरुको यो सम्मेलनमा आन्तरिक सुरक्षा, साइबर अपराध, माओवादीको खतरा, एआई उपकरणले निम्त्याएका चुनौती, ड्रोनका पछिल्ला खतरा र आतंकवादविरुद्धको महत्वपूर्ण विषयमा छलफल हुने सम्भावना छ।

****** ० ******

**<u>पीएम - युवा</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले युवाहरूलाई शीर्ष स्थान र उत्कृष्टता हासिल गर्ने सबै अवसरहरू उपलब्ध गराउने सरकारको प्रतिबद्धता दोहोर्याउनु भएको छ। MyGovIndia ह्यान्डल पोस्टमा, श्री मोदीले विश्वास व्यक्त गर्नु भयो, भारतको युवा शक्तिले चमत्कार गर्न सक्छ।

****** ० ******

**<u>प्रधानमन्त्री-अष्ट्रेलिया क्रिकेट</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले भारतीय क्रिकेट टोली र प्रधानमन्त्री इलेभेन क्रिकेट टोलीसँगको भेटघाट गरेकोमा खुशी व्यक्त गर्नु भएको छ । एक सोशल मिडिया पोस्टमा, श्री मोदीले अष्ट्रेलियामा जारी टेस्ट म्याच शृंखलामा उत्कृष्ट शुरुवात गरेकोमा भारतीय क्रिकेटरहरूको प्रशंसा गर्नु भयो।

****** ० ******

**<u>गिरिराज सिंह-सुरत</u>**

कपडामन्त्री गिरिराज सिंहले सन् २०३० सम्ममा देशको कपडा उद्योगको कारोबार ३५० अरब डलर पुरायाउने सरकारको लक्ष्य रहेको बताउनु भएको छ। उहाँले हिजो साँझ टेक्सटाइल सिटी सुरतमा केन्द्र र प्रदेश सरकारका अधिकारीहरूसँग समीक्षा बैठक गर्नु भयो र नवसारीमा निर्माण भइरहेको प्रधानमन्त्री मित्र पार्कको प्रगतिको पनि जानकारी लिनु भयो। नवसारीमा मेगा इन्टिग्रेटेड अपेरल पार्कले गुजरात र देशको कपडा उद्योगलाई बढावा दिनेछ र सम्पूर्ण दक्षिण गुजरातमा ठूलो रोजगारीका अवसरहरू सिर्जना गर्नेछ। श्री गिरिराज सिंहले आज सुरतको फेयरडील टेक्सटाइल पार्कको भ्रमण गर्नु हुनेछ। उहाँले आज भारत टेक्स २०२५ को प्रवर्द्धनका लागि आयोजना हुने रोड शोमा पनि भाग लिनु हुनेछ।

****** ० ******

**<u>रेड्डी- ऑफशोर लिलामी</u>**

केन्द्रीय खान मन्त्री जी किशन रेड्डीले हिजो नयाँ दिल्लीमा ऑफशोर खनिज ब्लकहरूको लिलामीको पहिलो किस्ता शुरु गर्नु भयो। लिलामीको यो पहिलो किस्तामा अरब सागर र अण्डमान सागरमा 13 खनिज ब्लकहरू समावेश छन्, जसमा निर्माण बालुवा, चूना-माटो, र पोलिमेटलिक नोडलहरू र क्रस्टहरू जस्ता खनिजहरूको मिश्रण समावेश छ। यी खनिजहरू पूर्वाधार विकास, उच्च प्रविधि उत्पादन र हरित ऊर्जा संक्रमणको लागि महत्त्वपूर्ण छन्।केन्द्रीय मन्त्री श्री रेड्डीले यस अवसरमा भन्नु भयो, विश्वका थोरै देशहरूले मात्र ऑफशोर खानीलाई रोज्छन् र भारत आज त्यस्ता देशहरूको समूहमा सामेल भएको छ। श्री रेड्डीले कोबाल्ट, निकल, तामा र म्यांगनीज जस्ता महत्वपूर्ण खनिजको माग तीव्र गतिमा बढिरहेको र भविष्यमा भारतमा यो माग अझै बढ्ने बताउनु भयो। श्री रेड्डीले ऑफशोर खननले देशको खनिज सम्पदालाई समृद्ध बनाउने मात्र नभई नीलो अर्थतन्त्रलाई पनि बलियो बनाउने बताउनु भयो। उहाँले घोषणा गर्नु भयो, छिट्टै भारतले आफ्नो खनिज मिशन शुरु गर्नेछ, जसले देशको विश्वव्यापी उपस्थिति सुनिश्चित गर्नेछ र घरेलु आपूर्ति श्रृंखलालाई बलियो बनाउनेछ। उहाँले विश्व खानी बजारमा भारत चाँडै नै प्रमुख खेलाडी बन्ने आशा व्यक्त गर्नु भयो। श्री रेड्डीले भन्नु भयो, यसले खानीहरूको आयात निर्भरता पनि कम गर्नेछ। सरकारले खनिज अन्वेषणका लागि अर्जेन्टिना, अष्ट्रेलियालगायत मुलुकमा पीएसयू काबिल स्थापना गरेको श्री रेड्डीले जानकारी दिन्नु भयो। उहाँले ऑफशोर खानीमा देशलाई विश्वशक्ति बनाउन सबै सरोकारवालालाई मिलेर काम गर्न आग्रह गर्नु भयो। गत वर्ष अगस्टमा, ऑफशोर खनिज (विकास र नियमन) ऐन, 2002, ऑफशोर क्षेत्रहरूमा खनिज ब्लकहरू आवंटन गर्ने मोडको रूपमा लिलामीलाई अनिवार्य गर्न परिमार्जन गरिएको थियो।

****** ० ******

**शाह-शिन्दे भेट**

महाराष्ट्रका कार्यवाहक मुख्यमन्त्री र शिवसेना नेता एकनाथ शिन्दे, भाजपा नेता देवेन्द्र फडणवीस र राष्ट्रवादी कांग्रेस पार्टीका प्रमुख अजित पवारले हिजो नयाँ दिल्लीमा केन्द्रीय गृहमन्त्री अमित शाहलाई भेटेर राज्यमा सरकार गठनबारे छलफल गर्नु भयो। यस अवसरमा केन्द्रीय मन्त्री तथा भाजपा अध्यक्ष जगत प्रकाश नड्डा पनि उपस्थित हुनुहुन्थ्यो। श्री एकनाथ शिन्देले राज्यमा सरकार गठनमा बाधा नबन्ने र राज्यको मुख्यमन्त्री पदको सम्बन्धमा भाजपाको केन्द्रीय नेतृत्वको निर्णयलाई पालना गर्ने बताइसक्नु भएको छ। हालै सम्पन्न महाराष्ट्र विधानसभा चुनावमा भाजपा नेतृत्वको महायुतीले ठूलो जित दर्ता गरेको छ। पछि एक सोशल मिडिया पोस्टमा, बीजेपी नेता देवेन्द्र फडणवीसले राज्यको विधानसभा चुनावमा सहयोगको लागि श्री शाहलाई कृतज्ञता व्यक्त गर्नु भयो। उहाँले पार्टी कार्यकर्तालाई उत्प्रेरित गर्ने श्रेय पनि श्री शाहलाई दिनु भयो।

****** ० ******

**भारत-रूस सैन्य सहयोग**

सैन्य र सैन्य-प्राविधिक सहयोगमा भारत-रूस अन्तर सरकारी आयोग अन्तर्गत सैन्य सहयोगमा कार्य समूहको चौथो बैठक हिजो मस्कोमा सफलतापूर्वक सम्पन्न भयो। बैठकको सह-अध्यक्षता भारतीय पक्षबाट एकीकृत रक्षा स्टाफका प्रमुख लेफ्टिनेन्ट जनरल जेपी म्याथ्यू र रूसी संघ सशस्त्र बलको जनरल स्टाफको मुख्य परिचालन निर्देशनालयमा उप प्रमुख लेफ्टिनेन्ट जनरल डाइलेव्स्की इगोर निकोलाइविचले गरेका थिए। दुवै देशले स्थल, हवाई र सामुद्रिक क्षेत्रमा धैरै संयुक्त अभ्यास गरेका छन्। भारत-रूस रक्षा सहयोगमा यो कार्य समूहले विद्यमान सैन्य सम्बन्धहरूको मूल्याङ्कन गर्दछ र उदीयमान सुरक्षा चुनौतीहरूलाई सम्बोधन गर्न सहयोगका नयाँ क्षेत्रहरू पहिचान गर्दछ।

****** ० ******

**जयशंकर-मोहिन्दर**

विदेशमन्त्री एस जयशंकरले सन् १९८३ को विश्वकप क्रिकेटको जित भारतीय क्रिकेटको इतिहासमा टर्निङ प्वाइन्ट भएको बताउनु भएको छ। नयाँ दिल्लीमा पूर्व भारतीय क्रिकेटर मोहिन्दर अमरनाथको संस्मरण 'फियरलेस' को विमोचनका अवसरमा डा जयशंकरले यस्तो बताउनु भएको छ। सन् १९८३ पछि विश्व क्रिकेटमा भारतको भूमिकामा परिवर्तन आएको उहाँले बताउनु भएको छ। उहाँले अविस्मरणीय खेलका लागि पूर्व क्रिकेटरहरूलाई धन्यवाद दिनु हुँदै उनीहरूको संयम, क्षमता र चरित्रले क्रिकेट, जीवन र पक्कै पनि कूटनीतिको लागि धैरै पाठ सिकाएको बताउनु भएको छ।

****** ० ******

**भारत चिकित्सा आपूर्ति-जाम्बिया**

भारतले आफ्नो स्वास्थ्य सेवा प्रणालीलाई समर्थन गर्न चिकित्सा उपकरणहरू आपूर्ति गरेर जाम्बियासँगको साझेदारीलाई बलियो बनाएको छ। स्वास्थ्य सामग्रीको खेप आज मुम्बईबाट प्रस्थान गरेको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले भन्नु भयो, खेप आज मुम्बईको न्हावा शेवा बन्दरगाहबाट छोडियो, जसमा अस्पतालको बेड, अपरेशन थियेटर टेबल, शिशु इन्क्युबेटर र रिसुसिटेटर, एनेस्थेसिया मेसिन र अन्य वस्तुहरू छन्। यसले जाम्बियाको स्वास्थ्य सेवा प्रणालीलाई बलियो बनाउनेछ। यो दुई देशबीचको द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने महत्वपूर्ण कदम हो। भारत र जाम्बियाबीच ऐतिहासिक रूपमा महत्वपूर्ण सम्बन्ध रहेको छ। जाम्बियामा बसोबास गर्ने भारतीय मूलका लगभग २५ हजार र भारतीय विदेशी नागरिक यस सम्बन्धको आधारशिला बनेका छन्।

****** ० ******

**उत्तर प्रदेश - अनुसन्धान**

उत्तर प्रदेश सरकारले सम्भलमा भएको हिंसात्मक घटनाको न्यायिक छानबिन गर्न आदेश दिएको छ। यस घटनामा चारजनाको मृत्यु भएको थियो। उच्च अदालतका सेवानिवृत्त न्यायाधीश देवेन्द्रकुमार अरोराको संयोजकत्वमा गठित तीन सदस्यीय समितिले घटनाको छानबिन गर्नेछ। समितिमा भारतीय प्रशासनिक सेवाका

अवकाशप्राप्त अधिकृत अमित मोहन प्रसाद र भारतीय पुलिस सेवाका पूर्व अधिकृत अरविन्द कुमार जैन पनि छन्।समितिले दुई महिनाभित्र प्रतिवेदन बुझाउने छ।

****** ० ******

**एनआईए- बांग्लादेशी-एबीटी**

मुम्बईको राष्ट्रिय अनुसन्धान एजेन्सी-एनआईएको विशेष अदालतले बंगलादेशबाट आएका अन्सारुल्लाह बंगला टोली-एबीटीका आतंकवादीहरूलाई शरण दिएको आरोपमा तीन बंगलादेशीहरूलाई पाँच वर्षको जेल सजाय सुनाएको छ।

****** ० ******